"स्वच्छ, सफा, समृद्ध, सुन्दर - महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty- Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका

Mahalaxmi Municipality

नगर कार्यपालिकाको कार्यालय

Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल

Lalitpur, Bagmati Province, Nepal

*कृषि बिकास शाखा*

प.स.२०७७/०७८ मिति:२०७७/८/११

च.न.

*सूचना ।* *सूचना ।।* *सूचना ।।।*

प्रस्तुत बिषयमा महालक्ष्मी नगरपालिका कृषि बिकास शाखाको आ.ब.२०७७/०७८ को बार्षिक स्वीकृत सशर्त तर्फको नयाँ बहुउदेशीय नर्सरी स्थापना कार्यक्रम महालक्ष्मी नगरपालिका भित्र संचालन गर्नको लागि तपशिल अनुसारका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगरपालिकाको कृषि बिकास शाखा/कृषि सेवा केन्द्रमा सम्पर्क गर्नु हुन सम्पुर्ण कृषक/कृषक समूह/कृषि सहकारी/निजी फार्म र दर्ता भएका फलफूल नर्सरी धनीहरुको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ । साथै म्याद भित्र पर्न नआएका तथा रितपुर्वक नपरेका निबेदन उपर कुनै कारबाही नहुने ब्यहोरा समेत अनुरोध छ ।

*संचालन हुने कार्यक्रमहरु:*

१ नयाँ बहुउदेशीय नर्सरी स्थापना कार्यक्रम ।

*निबेदनका साथ पेश गर्नुपर्ने कागजातहरु*

१. कार्यक्रम मागको निबेदन ।

२. सम्बन्धित निकायमा कृषक समूह/कृषि सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।

३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वमित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० बर्षको भाडा सम्झौता पत्रको प्रतिलिपी ।

४. निबेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी ।

५. नर्सरीको क्षेत्रफल प्लाष्टिक घर वा नेट हाउस भित्र भए कम्तीमा २ रोपनी र खुल्ला जमिनमा भए कम्तीमा ५ रोपनी क्षेत्रफलमा हुनु पर्ने छ ।

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

७. नयाँ स्थापित नर्सरी तथा क्षमता अभिबृदी गरिएको नर्सरीहरुको हकमा बार्षिक रुपमा कम्तीमा क्रमश.१०००० देखी १५००० गुणस्तरीय फलफूल बिरुवा उत्पादन गर्ने क्षमता भएको हुनु पर्ने छ ।

८. नर्सरी सम्बन्धी तालिम लिएको भएमा प्रमाण पत्रको प्रतिलिपी ।

**#** थप जानकारीको लागि कृषि बिकास शाखामा सम्पर्क राखु हुन वा निम्न मोवाईल नम्बरहरुमा सम्पर्क गर्नु हुन अनुरोध छ ९८४८३६८१०६/९८४२४२४७४७/९८४९१९१२६६/९८४३१९४५७६

पुरुषोत्तम सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०१-५२०३५६२, ०१-५२०१६३३, ०१-५२०१७३३
E-mail: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np